# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।२८ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला सप्तरीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीले सार्वजनिक खरिदको प्रारम्भिक चरणमा नै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कर्मचारी, एजेन्सी तथा व्यवसायीको आपसी मिलेमतोमा भवन निर्माण कार्य भएको हुन सक्ने, निर्माण व्यवसायीमध्ये एक मात्र निर्माण व्यवसायीलाई रेस्पोन्सिभ गरी आर्थिक प्रस्ताव खोलिएको हुँदा प्राविधिक तथा आर्थिक मूल्याङ्कन छानबिन गरी पाउँ भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राजविराज, सप्तरीको आ.व. २०७९।०८०, ठेक्का नं. VOLEC/NCB/2079/080/01, Construction Work of Veterinary Office Building Saptari को खरिद कार्यका लागि रू.४,४९,९८,२७२/३० (चार करोड उनान्पचास लाख अन्ठानव्वे हजार दुई सय बहत्तर रूपैयाँ तीस पैसा) को लागत अनुमान तयार भएकोमा मिति २०७९।१०।२१ मा सौर्य दैनिकमा सूचना प्रकाशन गरिएको भनी सूचना नै प्रकाशन नगरी सूचना प्रकाशन गरिएको भनी नक्कली पत्रिका प्रति तयार गरी राष्ट्रिय स्तरको खुला बोलपत्र आह्वान भई मिति २०७९।१२।१३ मा बोलपत्र खोल्दा राधा कृष्ण निर्माण सेवा, राजविराज, सप्तरी र श्री राम निर्माण सेवा डुमरिया (पो) रौतहटले बोलपत्र पेस गरेको देखिएको, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीका तत्कालीन कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत **डा. प्रभात झा** संयोजक, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरीका इन्जिनियर छैटौं **अशोक कुमार सिंह** सदस्य र एसिस्टेन्ट सबइन्जिनियर **प्रेम कुमार सिंह** सदस्य रहेको बोलपत्र मूल्याङ्कन समितिले डा. प्रभात झाको निर्देशन र डिजाइनमा राधाकृष्ण निर्माण सेवाका प्रवन्धक **कौशल्या कुमारी रजक**सँग मिलेमतो गरी बदनियत राखी गैरकानुनी रूपमा ***"Shree Ram Nirman Sewa Rautahat has 2 ongoing Projects. As there is very less time remaining in the current fiscal year 2079/080, it would be better if we give opportunity to Radha Krishna Nirman Sewa for timely completion of alloted work."*** भनी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कनको उपनियम (४घ१) को व्यवस्था विपरित हुने गरी प्राविधिक मूल्याङ्कनमा नै श्री राम निर्माण सेवालाई अनुत्तीर्ण गराई श्री राम निर्माण सेवाको आर्थिक प्रस्ताव नै नखोली गैरकानुनी ढंगले श्री राधा कृष्ण निर्माण सेवाको बोलपत्र स्वीकृति गर्ने गरी गलत मूल्याङ्कन प्रतिवेदन दिएको देखिएको, बोलपत्रदाता श्री राम निर्माण सेवा डुमरिया (पो) ७ रौतहटले प्राविधिक तथा आर्थिक मूल्याङ्कन पुनरावलोकन गर्न मिति २०७९/१२/३० मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीमा निवेदन पेस गरेकोमा उक्त निवेदनका सम्बन्धमा केही गरिरहनु नपर्ने भनी निर्णय गरेको कारणबाट सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रतिनिधिको रोहवरमा श्री राम निर्माण सेवा डुमरिया (पो) रौतहटले पेस गरेको आर्थिक प्रस्ताव खोली मिति २०८२/०७/१६ मा गरिएको मुचुल्काबाट बोलपत्रदाता श्री राम निर्माण सेवा डुमरिया (पो) रौतहटले पेस गरेको आर्थिक प्रस्ताव कबोल अंक मूल्य अभिवृद्धि करसमेत २,८९,६४,२४१/३१ (दुई करोड उनानव्वे लाख चौसट्ठी हजार दुई सय एक्चालीस रूपैयाँ एकतीस पैसा) र बोलपत्रदाता श्री राधा कृष्ण निर्माण सेवा राजविराज सप्तरीका प्रवन्धक कौशल्या कुमारी रजकले पेस गरेको बोलपत्र तथा ठेक्का सम्झौता हेर्दा कबोल अंक मूल्य अभिवृद्धि करसमेत रू.४,१६,६०,५१०/०२ (चार करोड सोह्र लाख साठी हजार पाँच सय दश रूपैयाँ दुई पैसा) रहेकोले

बोलपत्रदाता श्री राम निर्माण सेवा डुमरिया (पो) रौतहटको आर्थिक प्रस्ताव श्री राधा कृष्ण निर्माण सेवा राजविराज सप्तरीको सम्झौता रकम भन्दा रू.१,२६,९६,२६८/७१ (एक करोड छव्वीस लाख छयानव्वे हजार दुई सय अठ्सठ्ठी रूपैयाँ एकहत्तर पैसा) ले कम देखिएकोले उक्त रकम सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको हुँदा उक्त कार्यमा संलग्न निज प्रतिवादीहरूलाई देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय तथा बिगो असुल उपर समेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीका तत्कालीन कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत **डा. प्रभात झा**, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरीका इन्जिनियर छैटौं **अशोक कुमार सिंह** र एसिस्टेन्ट सबइन्जिनियर **प्रेम कुमार सिंह** | **रु.१,२६,९६,२६८/७१** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. **एक करोड छव्वीस लाख छयानव्वे हजार दुई सय अठ्सठ्ठी रुपैयाँ एकहत्तर पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन तथा गलत मूल्याङ्कन प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २ | **राधा कृष्ण निर्माण सेवा, राजविराज, ०७ सप्तरी** र उक्त निर्माण सेवाका प्रवन्धक **कौशल्या कुमारी रजक** | **रु.१,२६,९६,२६८/७१** | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ तथा दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **रू. एक करोड छव्वीस लाख छयानव्वे हजार दुई सय अठ्सठ्ठी रुपैयाँ एकहत्तर पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने तथा दफा १९ को उपदफा (२) बमोजिमको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने